स्थानीय स्तरमा न्याय सम्पादन गर्ने उद्देश्यले नेपालमा सामान्य अभ्यास प्राचिन कालदेखि नै रहेको भएता पनि नेपालको संविधान (२०७२) ले स्थानीय तहको न्यायिक अधिकारलाई संवैधानिक प्रत्याभूति र संस्थागत गऱ्यो । नेपालको संविधान (२०७२) को धारा २१७ मा न्यायिक समितिको गठन गर्ने व्यवस्था भए बमोजिम यस बर्दिवास नगरपालिकाको नगरसभाबाट मिति २०७४ साल पुष २१ गतेका दिन बर्दिवास नगरपालिकाको न्यायिक समितिको गठन गरियो ।

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १ र २ मा रहेको न्यायिक समितिको क्षेत्राधिकारको अधिनमा रही बर्दिवास नगरपालिकाको न्यायिक समिति समक्ष पर्न आएका विभिन्न विवादहरुको न्याय निरुपण गर्न मिति २०७५ साल जेष्ठ १७ गते नगर कार्यपालिकाको निर्णयबाट न्यायिक कार्यविधि पारित भई लागु गरिएको छ । यसै कार्यविधिको अधिनमा रही न्यायिक समितिमा पर्न आएका विभन्न विवादहरुको सत्य, तथ्य विवरणहरुको आधारमा रही मेलमिलाप तथा निर्णय दिने कार्य यस न्यायिक समितिबाट हुदै आइरहेको छ ।

आ.ब. २०७४/०७५ मा बर्दिवास नगरपालिकाकाको न्यायिक समितिमा पर्न आएका निवेदन/मुद्दाहरु जम्मा ६९ वटा मध्ये ३५ वटा मिलापत्र भएको र एउटा सिमाना विवादमा यस न्यायिक समितिबाट निर्णय हुनाका साथै ३३ वटा विवाद समाधान गर्न बाँकी रहेको हुँदा २०७५ साल असोज महिना भित्रमा सम्पूर्ण विवादहरुको समाधान गर्ने लक्ष्य लिइ न्यायिक समिति तदारुपताका साथ अगाडि बढिरहेको छ । आ.ब. २०७४/०७५ मा बर्दिवास नगरपालिकाकाको न्यायिक समितिमा पर्न आएका निवेदन/मुद्दाहरुको विस्तृत विवरण तपशिल बमोजिमका रहेका छन् :

**तपशिल**

| क.स | मुद्दाका विषयहरु | जम्मा | मिलापत्र भएको | निर्णय भएको | बाँकी |
|---|---|---|---|---|---|
| १ | अंश | २ | २ | ० | ० |
| २ | महिला हिंसा | ४ | ४ | ० | ० |
| ३ | लेनदेन | ५ | ४ | ० | १ |
| ४ | जग्गा नाप नक्सा, साँद सिमाना विवाद | ४० | १७ | १ | २२ |
| ५ | गाली बेइज्जती | २ | २ | ० | ० |
| ६ | शिक्षकको तलब भत्ता नपाएको | १ | ० | ० | १ |
| ७ | सार्वजनिक बाटो बन्द गरिएको | ४ | १ | ० | ३ |
| ८ | घर टहरा हटाइ पाउँ | २ | २ | ० | ० |
| ९ | मानव बस्ती भित्र अव्यवस्थित पशु (बंगुर) पालन | १ | १ | ० | ० |
| १० | घर भाडा असुलि | १ | ० | ० | १ |
| ११ | घर निर्माण रोक्का गरिपाउँ/रोक्का गरी घर बनाउन नदिएको | ४ | १ | ० | ३ |
| १२ | जीउधनको सुरक्षा गरिपाउँ | १ | ० | ० | १ |
| १३ | सार्वजनिक बाटो मिचेको | १ | ० | ० | १ |
| १४ | घरायसी झगडा | १ | १ | ० | ० |
| | जम्मा | ६९ | ३५ | १ | ३३ |

स्थानिय सरकार सञ्चालन ऐन २०७४, दफा ४७ को उपदफा १ र २ मा व्यवस्था भए बमोजिम स्थानिय तहको न्यायिक समितिलाई प्राप्त क्षेत्राधिकार भन्दा बाहिर रहेको मुद्दाहरुलाई दरपिठ गरिएका विवरणहरुः

| | मुद्दाको विषय | संख्या |
|---|---|---|
| १. | इ.प्र.का.मा मुद्दा दर्ता भएको | २ |
| २. | वैदेशिक रोजगारमा ठगी | १ |
| ३. | जिल्ला अदालतमा मुद्दा दर्ता भएको | १ |
| ४. | २५ लाख भन्दा माथिको लेनदेन | १ |
| ५. | ज्यान मर्ने उद्योग सँग सम्बन्धित | १ |
| | जम्मा | ६ वटा |